नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-
च.नं.

# प्रेस विज्ञप्ति

आज मिति २०८२ भाद्र ५ गते मन्त्रालयमा आयोजित विशेष कार्यक्रममा मन्त्रालयका सचिव, महाशाखा प्रमुखहरू, विभागीय प्रमुखहरू र अन्य कर्मचारीको उपस्थितिमा माननीय मन्त्री श्री बद्रीप्रसाद पाण्डे र सचिव श्री हरिप्रसाद मैनालीबीच आ.व. २०८२/८३ का लागि हासिल गर्नुपर्ने नतिजा सूचक, सम्पन्न गर्नुपर्ने प्रमुख कार्यहरू र अनुगमन तथा अन्य व्यवस्थाको सुनिश्चितता सहित कार्यसम्पादन सम्झौता सम्पन्न भएको छ।

सम्झौता कार्यक्रममा माननीय मन्त्रीज्यूले जर्मनीको बर्लिनमा हिमालयन क्षेत्रका मुलुकबाट वर्षको उत्कृष्ट पर्यटन मन्त्री (टुरिजम् मिनिस्टर अफ दि इयर) अवार्डबाट सम्मानित हुनु, सांस्कृतिक संस्थानले उत्कृष्ट कार्यसम्पादन गरेर नाफामा जानु र छोटो समयमै मन्त्रालयले नीतिगत तथा कानूनी क्षेत्रमा उल्लेख्य सुधार गर्न सफल भएकोमा कर्मचारीलाई धन्यवाद दिँदै आगामी वर्षमा समेत आ-आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा पुरा गर्न निर्देशन गर्नुभएको व्यहोरा सबैको जानकारीका लागि अनुरोध छ।

वि.सं. २०८२ भाद्र ५ गते बिहीबार
नेपाल संवत् ११४५ गुंलागा त्रयोदशी

गोकर्ण प्रसाद उपाध्याय
सहायक प्रवक्ता एवम् सूचना अधिकारी

फोन नं. ४२११८७९, ४२११८७०, ४२११६२० | इमेलः info@tourism.gov.np | वेबसाइटः www.tourism.gov.np